त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इञ्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS
पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur
☎ 5-521260, 5-521611, 5-522104, 5-522809
Accredited by University Grants Commission (UGC) Nepal 2020

च.नं. २०९।०८०।०८१

मितिः २०८०।०५।११

श्री सिभिल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री आर्किटेक्चर विभाग,
पुल्चोक क्याम्पस ।

श्री एप्लाइड साइन्सेस एण्ड के. इ. विभाग
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रोनिक्स तथा कम्प्युटर इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रिकल इ. विभाग,
पुल्चोक क्याम्पस ।

## विषयः इन्टर्न पठाई दिने सम्बन्धमा ।

काठमाण्डौं महानगरपालिकाको च.नं. ४८ मिति २०८०।०५।०८ गतेको पत्रमा उल्लेख भएअनुसार काठमाण्डौं महानगरपालिकाको गौरब योजना, स्वर्णिम योजना तथा महानगरको बिभाग र वडा कार्यालयबाट सञ्चालन हुने आयोजनाहरुको कार्यान्वयन तथा बार्षिक योजना तर्जुमा कार्यमा सहजिकरण गर्नका लागि इन्टर्नहरु आवश्यक परेकोले योग्यता पुगेका विद्यार्थीहरुलाई यही मिति २०८० भाद्र १४ गते भित्र काठमाण्डौं महानगरपालिकाको पत्रमा दिइएको लिंकमा गइ फाराम भर्न लगाई सिफारिस साथ पठाउनुहुन अनुरोध छ । साथै उक्त शिफारिस साथ प्राप्त नामावली मिति २०८० भाद्र १५ गते सहरी योजना आयोगमा पठाइने ब्यहोरा समेत आवश्यक जानकारीको लागि अनुरोध गर्दछु ।

**संलग्नः काठमाण्डौं महानगरपालिकाको पत्र थान १**

**बोधार्थ तथा कार्यार्थ**

- श्री सूचना तथा प्रविधी केन्द्र, पुल्चोक क्याम्पस ।
  -पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा राखिदिन हुन ।

सुदर्शन बहादुर रघुवंशी
शाखा प्रमुख
शैक्षिक प्रशासन शाखा

# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, बागमती प्रदेश, नेपाल

(सहरी योजना आयोग)

पत्र संख्या: ०७९/०८०
चलानी नं.: ४८

मिति: २०८०/०५/०८

**बिषय : इन्टर्न पठाई दिने सम्बन्धमा**

श्री इन्जिनियरिङ्ग अध्ययन संस्थान
पुल्चोक क्याम्पस, काठमाण्डौ नेपाल

पुल्चोक क्याम्पस
दर्ता नं. ३४६।०८०।०८१
मिति: २०८०।५।१०

काठमाडौ महानगरपालिकाको गौरब योजना, स्वर्णीम योजना तथा महानगरको बिभाग र वडा कार्यालयबाट संचालन हुने आयोजनाहरुको कार्यन्वयन तथा बार्षिक योजना, कार्यक्रम तर्जुमा कार्यमा सहजीकरण गर्नका लागि तपशिल बमोजिमको संख्यमा इन्टर्नहरु ६ महिनाको लागि आवस्यक परेकोले तोकिएको सेवा सुबिधा पाउने गरि देहायको योग्यता पुगेका बिद्यार्थीहरुलाई दिएको लिंक मा गइ http://internship.kathmandu.gov.np मा फारम भर्न लगाई सिफारिस साथ पठाउनुहुन अनुरोध छ ।

**आवस्यक संख्या**

१. सिभिल इन्जिनीयर - ३ जना
२. आर्किटेक्ट - ४ जना
३. इलेक्ट्रिकल इन्जिनीयर - २ जना
४. वातावरण इन्जिनीयर - २ जना
५ . सूचना प्रबिधि - २ जना

**आबेदनका लागि न्युनतम योग्यता**

१. सम्बन्धित बिषयमा कम्तिमा ४ बर्षे स्नातक तह पुरा गरेको (उत्तीर्ण हुनु नपर्ने) ।
२. कम्तिमा १८ वर्ष पुरा भइ ४० बर्ष ननाघेको
३. काठमाडौं महानगरपालिकाका स्थायी बासिन्दा, महानगरको करदाताहरु तथा महानगरभित्र अस्थाई रुपमा बसोबास गर्ने बिध्यार्थिहरुलाई बिशेष प्रथामिकता दिईनेछ ।

**पेस गर्नु पर्ने कागजात हरु**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. कम्तिमा स्नातक तह ४ बर्षे अध्ययन गरेको प्रमाण
३. बसाई सराइको प्रमाणपत्र वा महानगर भित्र बसोबास गरेको घर बहाल सम्झौता पत्र
४. अनुभब भए अनुभब को प्रमाण पत्र

**नोट: सिफारिस गरि पठाउदा आवस्यक संख्याको कम्तिमा १५० प्रतिशत बिद्यार्थी छनौट गरि पठाउनुहुन अनुरोध छ । सिफारिस गरि पठाइएका बिद्यार्थीहरु मध्ये अन्तर्वार्ताबाट अन्तिम सुची छनौट गरिनेछ ।**

080-05-10

०८०।०५।०८
कुमारी राई
सचिवालय प्रमुख, सहरी योजना आयोग